खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
३ नम्बर प्रदेश, नेपाल

फोन { ०५६-५८२८८५ / ०५६-५८२००६

प.सं. : ०७५।७६
च.नं. : ६६५६

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन ३ नम्बर प्रदेश, नेपाल

मिति : २०७५।१२।२७

**विषय : शैक्षिक सत्र २०७६ को भर्ना अभियान सञ्चालन सम्बन्धमा ।**

**श्री सबै वडा कार्यालय**
**खैरहनी नगरपालिका ।**
**श्री सबै सामुदायिक विद्यालय**
**खैरहनी नगरपालिका, चितवन ।**

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सत्र २०७६ को भर्ना अभियान **'हाम्रो नगर, हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पुऱ्याऊँ'** भन्ने नाराका साथ सञ्चालन गर्न आह्वान गरेको र भर्ना अभियान सञ्चालन, व्यवस्थापन सम्बन्धमा २०७५ चैत्र २६ गते यस नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्र.अ., शिक्षा समितिका सदस्य तथा वडाध्यक्षज्यूहरुको सहभागितामा नगरप्रमुखज्यूको उपस्थितिमा भएको छलफल बमोजिम यस नगरपालिका क्षेत्रभित्रका सबै अवस्थाका बालबालिकालाई विद्यालयमा भर्ना गर्न गराउन, बालमैत्री वातावरण निर्माण गरी विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्न संलग्न मार्गदर्शन अनुसार गर्न गराउन निर्देशानुसार अनुरोध छ ।

..................
(महेन्द्र प्रसाद पौड्याल)
स्थानीय शिक्षा अधिकारी
स्थानीय शिक्षा अधिकारी

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# विद्यार्थी भर्ना अभियान २०७६ सञ्चालन सम्बन्धी मार्गदर्शन
## खैरहनी नगरपालिका
### २०७६ को भर्ना अभियानको नारा

हाम्रो नगर, हाम्रो गाउँ,

सबै बालवालिकालाई विद्यालय पुऱ्याउँ ।।

शैक्षिक सत्र २०७६ को भर्ना अभियान मार्फत सबै बालबालिकालाई विद्यालयमा ल्याउन बालमैत्री वातावरण निर्माण गरी विद्यालयमा टिकाउन र शैक्षिक गुणस्तर सुधार गर्न निम्नानुसार कार्यक्रम/क्रियाकलाप गर्ने, गराउने :

**क. नगर शिक्षा समिति**

- चैत्र महिना भित्र सबै विद्यालयका प्र.अ.को बैठक राखी भर्ना अभियान सञ्चालनका विषयमा छलफल गरी रणनीति, कार्यक्रम/क्रियाकलाप निर्धारण गर्ने ।
- निर्धारित कार्यक्रम/क्रियाकलाप सञ्चालनका लागि विद्यालयहरुसँग समन्वय गर्ने ।
- आवश्यकतानुसार सञ्चार माध्यम तथा अन्य माध्यमबाट न.पा. भित्रका विद्यालय उमेरका सेवा क्षेत्र भित्रका सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउन विद्यालय, अभिभावक र सरोकारवालालाई आह्वान गर्ने ।
- विगत वर्षहरुमा अभिभावकत्व ग्रहण गरिएका बालबालिकाको अवस्था अनुगमन गरी आवश्यक सहजीकरण र समन्वय गर्ने ।

**ख. भर्ना अभियान अन्तर्गत विद्यालयले गर्नु पर्ने कार्यक्रमहरु**

- २०७६ बैशाख २ गते शिक्षक, वि.व्य.स. र शि.अ.संघ वडाका जनप्रतिनिधि र सरोकारवालाको बैठक वस्ने ।
- आवश्यकतानुसार उपयुक्त विधि र माध्यमबाट आफ्ना र समुदायमा रहेका विद्यालय उमेरका बालबालिका विद्यालयमा भर्ना गर्न गराउन आह्वान गर्ने ।
- समूह बनाई घरदैलो कार्यक्रम सञ्चालन गरी सबै अवस्थाका बालवालिकाको पहिचान गरी विवरण तयार पार्ने । यसरी घरदैलो अभियान लगायतका कार्यक्रम सञ्चालन गर्दा माध्यमिक विद्यालयहरुले आफ्नो सेवा क्षेत्र अन्तर्गतका आधारभूत विद्यालयहरुसंग समन्वय र सहकार्य गर्ने ।
- अपाङ्गता भएका बालबालिकालाई विशेष कक्षा, समाहित शिक्षा कक्षा र अन्य उपयुक्त विद्यालयमा ल्याउन पहल गर्ने र आवश्यक सहयोगका लागि नगर शिक्षा समितिमा विवरण सहित पेश गर्ने ।
- अति विपन्न र पछाडि परेका समुदायका बालवालिकाको अभिभावकत्व ग्रहणगरी विद्यालयमा ल्याउन समाजसेवा, शिक्षा प्रेमी व्यक्तिहरुलाई आह्वान गर्ने ।
- अघिल्लो वर्षहरुमा अभिभावकत्व ग्रहण गरिएका बालवालिकाको अवस्थाको बारेमा न.पा.मा विवरण पेश गर्ने ।
- विद्यालयमा बालमैत्री र सिकाइमैत्री वातावरण निर्माण गरी विद्यार्थीलाई टिकाई राख्ने व्यवस्था मिलाउने ।
- सबै विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चित गरी सम्बन्धित वडा समितिको कार्यालय र नगरपालिकामा तथ्याङ्क सहित वि.व्य.स.को निर्णय गराई विवरण पेश गर्ने ।

**ग. वडा समितिको भूमिका**

- आफ्नो वडा क्षेत्र भित्रका प्र.अ., वि.व्य.स. र शिक्षक अभिभावक संघका अध्यक्षको बैठक राखी घरदैलो अभियान संचालन गरी विद्यालय भर्ना हुने उमेरका सबै बालबालिकालाई भर्ना गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने ।
- वडा क्षेत्र भित्रका सबै विद्यालयबाट सबै बालबालिका भर्ना भएको विवरण पेश भएपछि वडा समितिले शतप्रतिशत बालबालिका भर्ना भएको वडा घोषणा गर्ने र सोको जानकारी नगरपालिकामा पेश गर्ने ।